व्यास नगरकार्यपालिकाको १९५ औं बैठक आज मिति २०८१/५/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु :**

प्रस्ताव नं.१ : मिति २०८१/५/७ को बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२ : सामुदायिक विद्यालयको शुल्क अध्ययन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं.३ : ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्को वातावरण अध्ययन प्रतिवेदनको कार्यसूची अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.४ : कार्यविधि अनुसार गरिबी तथ्याङ्क संकलन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५ : विपन्न घरपरिवारको खरको छानामुक्त एवं जीर्ण घर मर्मत सहयोग सम्बन्धमा ।

प्रस्ताव नं.६ : व्यास नगर प्रज्ञा परिषद्मा अध्यक्ष एवं सदस्य मनोनयन सम्बन्धमा ।

प्रस्ताव नं.७ : स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योगहरुलाई नियमित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८ : शिवपाञ्चायन मा.वि. व्यवस्थापन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं.९ : दोस्रो पटक टेण्डर गर्दा समेत भाडामा नलागेका सटरहरुको बढीमा २०% सम्म घटाई पुनः टेण्डर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: टेण्डर माग गर्दा भाडा नलागेका सटरहरुको पुनः दोस्रो पटक टेण्डर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११: सरसफाई कार्ड वितरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२: नगर सभाबाट तय भएका नगर एवं वडास्तरीय योजनाहरुको सम्झौता प्रकृया अघि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं.१३: सरसफाई कर्मचारीहरुको दरबन्दी थप एवं दरबन्दी मिलान सम्बन्धमा ।

प्रस्ताव नं.१४: विभिन्न विषयमा टेण्डर स्वीकृति अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१५: दमौली अस्पतालमा विनियोजित रकमबाट स्टोर निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१६: कार्तिक ५ देखि ९ सम्म चाइनाको zhengzhau मा हुने स्थानीय सरकारका प्रतिनिधिहरुको बैठकमा भाग लिन नगर प्रमुखलाई अनुमति प्रदान गर्न नेपाल सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७: सामाजिक सुरक्षा भत्ताको नवीकरण भएका र गर्न बाँकीको विवरण सम्बन्धमा ।

प्रस्ताव नं.१८: बालश्रम मुक्त नगरपालिकाको तयारी बैठक सम्बन्धमा ।

प्रस्ताव नं.१९: व्यास नगर समता विद्यालयका बालबालिकाको बिहानी खाना व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.२० उदय मा.वि.को प्रधानाध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.२१: छाब्दी बाराही बाल विकास केन्द्रको शिक्षक दरबन्दी स्थानान्तरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२२: मानुङ्गकोट शहिद कालिका जंगल पार्क, व्यास क्षेत्र शिवपाञ्चायन क्षेत्रको सरसफाई व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.२३: विद्यालय स्तरीय विज्ञान हाजिरी जवाफ प्रतियोगितामा सहयोग सम्बन्धमा ।

प्रस्ताव नं.२४: मानुङ्गकोटको सार्वजनिक जग्गा संरक्षण सम्बन्धा ।

प्रस्ताव नं.२५: जनता आधारभूत विद्यालय क्षेत्रका ढलेका रुख व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२६: भूमि आयोग अन्तर्गत अमिनलाई करार नियुक्ति सम्बन्धमा ।

प्रस्ताव नं.२७: वडा नं.१४ को कार्यालय सहयोगी करार नियुक्ति सम्बन्धमा ।

प्रस्ताव नं.२८: राष्ट्रिय बाल दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं.२९: राष्ट्रिय शिक्षा दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं.३०: निजी जग्गाको पिपल रूख कटान अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.३१: बुल्दीखोलाको विस्तृत योजना भएको पुल सम्बन्धमा ।

प्रस्ताव नं.३२: अत्यावश्यक र विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.३३: जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/५/७ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो । व्यास नगर सभामा पारित योजनाहरुलाई प्राथमिकतामा राखी सम्झौता प्रक्रिया अघि बढाउन र विपदजन्य कार्य एवं अत्यावश्यक कार्यलाई मात्र बजेट सीमाभित्र रही बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा शाखाबाट प्रस्तुत सामुदायिक विद्यालयहरुले हाल लिइरहेको शुल्क विवरण, विद्यार्थी संख्या, दरबन्दी संख्या सम्बन्धी प्रतिवेदन उपर छलफल गरी यसै शैक्षिक वर्षमा सबै सामुदायिक विद्यालयहरुलाई कक्षा ८ सम्म (आधारभूत तह) मासिक शुल्क नलिन निर्देशन दिने र मा.वि. तहसम्म निःशुल्क शिक्षा प्रदान गर्न आगामी नगर सभाबाट विद्यालयको आवश्यक खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र पर्ने मादी र सेती नदीको तपशिलमा उल्लेखित घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन निर्माणको लागि परामर्शदाता फर्मसँग सम्झौता भएकोमा वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ७, नियम ५ को व्यवस्था बमोजिम पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन निर्माणको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | घाटको नाम |
|---|---|
| १. | वडा नं.१३ स्थित न्यूरोघारीबाट व्यास नगरपालिकाको सिमाना ढाडखोलासम्मको सेतीनदी घाट |
| २. | मादी नदीको पुलदेखि व्यास नगरपालिका वडा नं.७ र ५ जोड्ने कलेस्ती झोलुङ्गे पूलसम्म (खण्ड क) |
| ३. | मादी नदीको व्यास नगरपालिका वडा नं.७ कलेस्ती झोलुङ्गे पुलदेखि वडा नं.६ खाल्टे खोलासम्म (खण्ड ख) |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका गरिब परिवार पहिचान सम्बन्धी निर्देशिका २०८० अनुसार २०८१ मंसिर मसान्तसम्म नगरपालिकाका सबै वडाका विपन्न गरिब परिवारको तथ्याङ्क सङ्कलन गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विपन्न सुरक्षित आवास सहयोग कार्यविधि, २०८१ को आधारमा व्यास नगरपालिका भित्रका खरको छाना भएका वा जीर्ण अवस्थाका विपन्न घरपरिवारलाई असोज १५ गतेभित्र सम्बन्धित वडामा निवेदन दिन सूचना दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दफा ८ (२) अनुसार व्यास नगर प्रज्ञा परिषद्मा श्री काशीनाथ न्यौपाने व्यास ४ अध्यक्ष, श्री हरिसिंह गुरुङ्ग व्यास १, श्री देवीबहादुर बस्नेत व्यास २ र श्री नारायणी अधिकारी व्यास ४ लाई सदस्यमा मनोनयन गरी सदस्य सचिवमा नगर शिक्षा शाखा प्रमुख श्री केदारराज आचार्यलाई मनोनयन गर्ने निर्णय गरियो । साथै प्रज्ञा सभामा प्रमुख प्रशासकीय अधिकृतको नाम संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा स्लेट ढुङ्गा उत्खनन् सम्बन्धी उपप्रमुख श्री इन्दिरा दरैको नेतृत्वको समितिबाट स्थलगत अनुगमन गरी प्रस्तुत प्रतिवेदन उपर छलफल हुँदा निम्नानुसार कार्य गर्ने गराउने निर्णय गरियो ।

(क) मापदण्ड विपरीत र व्यास नगरपालिकामा दर्ता नभएका सबै ढुङ्गा उत्खनन् उद्योग र कटिङ्ग उद्योगलाई दर्ता गर्न र दर्ता भएपछि उपयुक्त स्थानमा कटिङ्ग उद्योग स्थानान्तरण गर्ने, दर्ता नहुँदासम्म बन्द गर्ने ।

(ख) स्लेट ढुङ्गा उत्खनन् क्षेत्रको सीमा वन क्षेत्रसँग जोडिएको हुँदा डिभिजन वन कार्यालयको प्रतिनिधि र नगरपालिकाको प्राविधिक सहित नापजाँच गर्ने ।

(ग) वातावरणीय प्रतिवेदनले देखाएका सुझावहरुलाई पालना गराउने ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ देउराली नगर स्थित शिव पाञ्चायन मा.वि.को अध्यक्षमा सिफारिस हुने व्यक्तिहरुको योग्यता सङ्घीय ऐन र व्यास नगरपालिका शिक्षा ऐन मिल्दो नदेखिएकाले पुनः योग्य उम्मेदवार सिफारिस गर्ने गरी समितिका सदस्य छनौट अभिभावक भेलाबाट संशोधन गरी पेश गर्न सम्बन्धित वडा अध्यक्षलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतको बहुउद्देश्यीय भवनको घर भाडामा लगाउन तेस्रो पटकसम्म टेण्डर आव्हान गर्दा भाडामा नलागेका निम्नानुसार सटर कोठाहरुमा २०% सम्म घटाई भाडामा लगाउन पुन ७ (सात) दिने टेण्डर गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | सटर नं. | साविक भाडा दर | हाल टेण्डर गर्ने भाडा दर | कैफियत |
|---|---|---|---|---|
| १. | १०७ | ५३०१४।५० | ४२४११।६० | |
| २. | ११२ | २७७२५।७८ | २२१८०।६३ | |
| ३. | ११४ | २७५००।०० | २२०००।०० | |
| ४. | ११५ | २७५००।०० | २२०००।०० | |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनमा निम्नानुसार सटर कोठाहरुमा पहिलो पटक भाडामा लगाउन दिइएको टेण्डरमा भाडा नलागेकाले पुनः दोस्रो पटक टेण्डर गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | सटर नं. | कैफियत |
|---|---|---|
| १. | इ. १२ | ९२४०। |
| २. | १११ | २७८४८।२१ |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नम्बर १ देखि ५ सम्मका वडाका सरसफाई सेवा लिने व्यवसायी, घरधनी, घरभाडामा बस्नेहरुलाई सरसफाई कार्ड वितरण गर्न सरसफाई शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४१ औं नगर सभाबाट तय भएका पूँजीगत योजनाहरुको कार्यान्वयनका लागि २०८१ कार्तिक मसान्तभित्र टेण्डर आब्हान वा उपभोक्ता समितिसँग सम्झौता प्रकृया अघि बढाउन सम्बन्धित वडा र पालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सरसफाईको वर्गीकरण प्रकृया अघि बढेकाले नकुहिने फोहोर वर्गीकरण गर्न थप ४ जना, कुहिने फोहोर व्यवस्थापनका लागि व्यास १० स्थित गौसंरक्षण केन्द्रमा ३ जना, बधस्थल व्यास ३ को सरसफाईका लागि १ जना समेत ८ जना आ.व. २०८१/०८२ का लागि दरबन्दी थप गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा तपशिलमा उल्लेखित विभिन्न आय ठेक्का तथा परामर्श सेवाको लागि बोलपत्र/दरभाउपत्र र आर्थिक प्रस्ताव आब्हान गरिएकोमा मूल्याङ्कन समितिको सिफारिसमा तपलिमा उल्लेखित बोलपत्र /दरभाउपत्र र आर्थिक प्रस्ताव स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | फर्म/व्यक्तिको नाम | कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १. | छाब्दी बसपार्क व्यवस्थापन तथा सञ्चालन | श्री बसुन्धरा कंडेल पन्थ व्यास १४ | ३,०१,५००।०० | कर बाहेक |
| २. | व्यास नगरपालिका क्षेत्र अन्तगत पर्ने विज्ञापन कर उठाउने कार्य (३ वर्षको लागि) | श्री साईन हव प्रा.लि. विराटनगर, मोरङ | ६,५०,०००।०० | कर बाहेक पहिलो वर्षको लागि |
| ३. | व्यास नगरपालिका क्षेत्र भित्र उत्पादन/प्रशोधन भई अन्यत्र लैजांदा लाग्ने वातावरण शुल्क उठाउने कार्य | श्री खनाल इन्भेष्टमेन्ट कन्स्ट्रक्सन व्यास १० तनहुं | १,०१,११,१११।०० | कर बाहेक |
| ४. | व्यास नगरपालिका क्षेत्र भित्रको भु-उपयोग क्षेत्र नक्सा तथा भु-उपयोग क्षेत्र वर्गिकरण | श्री GEO Engineering Consultancy Pvt. Ltd. Kathmandu . | ८,७५,५००।०० | कर बाहेक |
| **नगरपालिकाको स्वामित्वमा रहेको पसल कबल भाडामा लगाउने सम्बन्धी कार्य** | | | | |
| ५. | कोठा नं. ई.१ | श्री सरु तिमल्सेना व्यास १० तनहुँ | ४७,५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६. | कोठा नं. ई.४ | श्री राजकुमार श्रेष्ठ व्यास २ तनहुँ | ४६,९५५।०० | |
| ७. | कोठा नं. ई.६ | श्रीमाया गुरुङ व्यास ४ तनहुँ | ४२,०००।०० | |
| ८. | कोठा नं. ई.७ | श्री सन्तोषी लामा व्यास २ तनहुँ | ४७,०००।०० | |
| ९. | कोठा नं. ई.८ | श्री इन्द्रलाल श्रेष्ठ व्यास २ तनहुँ | ४५,०००।०० | |
| १०. | कोठा नं. ई.९ | श्री भरत परियार व्यास २ तनहुँ | ३६,७००।००, | |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा दमौली अस्पतालको पूर्वाधार निर्माणमा बजेट शीर्षक नं. १२३ बाट खर्च हुने गरी रू.३,५९,४४४/- दमौली अस्पतालको गोदाम घर निर्माणका लागि खरिद प्रकृया अनुसार गर्न गराउन विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठनाथ न्यौपाने ULLG ASPAC (Umited Cities and Local Goverment Asia Paciplc) को कार्यकारिणी सदस्य र Council सदस्य रहनु भएका र उक्त समितिको मिति २०८१/७/५ देखि ९ सम्म मित्रराष्ट्र चाइनाको zhengzhau शहरमा हुने भएकाले उक्त कार्यक्रममा नगरपालिकाको तर्फबाट सहभागी हुन नेपाल सरकारसँग अनुमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल ७८७५ मध्ये २०८१/५/२३ सम्म ७१२३ ले (९०.४५ प्रतिशन) नवीकरण गर्नुभएको र अझैं ७५२ जना नवीकरण गराउन बाँकी देखिएकाले नवीकरणका लागि सम्बन्धित वडाहरुलाई छुटेका व्यक्तिहरुलाई सम्पर्क गरी नवीकरण गराउन पहल गर्न निर्देशन दिने निर्णय गरियो । वडागत विवरण निम्नानुसार रहेको छ ।

| वडा नं. | जम्मा | नवीकरण संख्या | नवीकरण गर्न बाँकी संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ४४१ | ३९३ | ४८ | ८९.१२ |
| २ | ३३९ | २८१ | ५८ | ८२.८९ |
| ३ | १८९ | १७६ | १३ | ९३.१२ |
| ४ | ३५८ | ३२६ | ३२ | ९१.०६ |
| ५ | ६४२ | ५८० | ६२ | ९०.३४ |
| ६ | ७६८ | ६९८ | ७० | ९०.८९ |
| ७ | ५४७ | ५०२ | ४५ | ९१.७७ |
| ८ | ४६३ | ४१० | ५३ | ८८.५५ |
| ९ | ७०२ | ६१९ | ८३ | ८८.१८ |
| १० | ७६९ | ६७७ | ९२ | ८८.०४ |
| ११ | ९०९ | ८७२ | ३६ | ९६.०४ |
| १२ | ६४६ | ५८० | ६६ | ८९.७८ |
| १३ | ६१८ | ५५४ | ६४ | ८९.६४ |
| १४ | ४८४ | ४५४ | ३० | ९३.८० |
| **जम्मा** | **७८७५** | **७१२२** | **७५३** | **९०.४५** |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई बालश्रम मुक्त नगरपालिका घोषणा गर्ने उद्देश्यले १४ वटै वडाहरुमा बालश्रम मुक्त वडा घोषणा अभियान कार्यक्रम वडाहरुवाट कार्यक्रम सञ्चालनका विवरणहरु प्राप्त भइरहेकोले पूर्ण विवरण यही २७ गते बिहीबारसम्म माग गर्ने तथा प्राप्त विवरणको अवस्था अध्ययन गरी २०८१ असोज ४ गते शुक्रबारको दिन व्यास नगरपालिकामा एक बृहत कार्यक्रमका साथ ब्यास नगरपालिका बालश्रम मुक्त घोषणा गर्न आवश्यक तयारी गर्ने गरी शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगर समता विद्यालय व्यास ७ को मिति २०८१ भाद्र १४ गतेको पत्रानुसार तहाँ आवासीय रुपमा रहेका विद्यार्थीहरुका लागि खाजाको व्यवस्था स्रोत अभावका कारण निरन्तरता नदिइएको तर विहान खाजा अभावका कारण विद्यार्थीहरुको स्वास्थ्य अवस्थामा असर देखा परेकोले विद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार प्रति विद्यार्थी न्यूनतम रू.२० हुने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा श्री उदय माध्यमिक विद्यालय व्यास ५ ठूलोटारको मिति २०८१ श्रावण २८ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार प्रधानाध्यापक पदमा सिफारिस गर्नका लागि विद्यालय विकास प्रस्ताव सहित श्री जीवनाथ पौडेललाई सिफारिस गरेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा छाब्दी बाराही बाल विकास केन्द्र व्यास १४ मा कार्यरत बाल विकास सहयोगी कार्यकर्ता माया थापाले हाल शैक्षिक सत्र २०८१ देखि उक्त बाल विकास केन्द्रमा विद्यार्थी संख्या शून्य भएको कारण बाल विकास केन्द्र नै बन्द भएको जानकारी गराउँदै निजको राजिनामा प्राप्त भएकोले सो बाल विकास केन्द्रको कोटा व्यास १४ कै ठिन नयाँगाउँ स्थित अमरज्योति आधारभूत विद्यालयमा स्थानान्तरण गरी शिक्षक भर्ना गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत पर्यटकीय स्थल मानुङ्गकोट व्यास ५, धार्मिक क्षेत्र व्यास शिव पाञ्चायनक्षेत्र व्यास ३, शहिद कालिका जंगलपार्क वडा नं. ४ को सरसफाई व्यवस्थापनका लागि यस आ.व. का लागि रू.१,८०,०००। (एक लाख असी हजार) का दरले बजेट शीर्षक नं.८ बाट खर्च हुने गरी जम्मा रू.५,४०,०००। (पाँच लाख चालिस हजार) सम्बन्धित समितिको खातामा ३ किस्तामा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा विज्ञान शिक्षक समाज नेपालको आयोजनामा २०८१ असोज १ गते हुने राष्ट्रिय विज्ञान दिवसको अवसरमा जिल्लास्तरीय विज्ञान हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्न लागेकाले यस नगरपालिकाका विद्यालयहरुलाई सहभागी गराउने र उक्त कार्यक्रमका लागि रू.५०,०००। (पचास हजार) बजेट शीर्षक नं.९६ बाट खर्च हुने गरी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मानुङ्गकोटमा आन्तरिक तथा बाह्य पर्यटकहरु आउने, स्थानीय लगायतले बिना अनुमति एवं स्वीकृति घर पसल निर्माण गर्ने, सार्वजनिक जग्गा अतिक्रमण गर्ने गरेको पाइएकाले स्थानीयको निवेदन माग समेतलाई ध्यानमा राखी २०८१ असोज १५ गतेभित्र सार्वजनिक जग्गा नाप नक्सा गरी सिमाना एकिन गर्न र व्यवसाय दर्ता एवं घर कायम, अभिलेखीकरण, नियमानुसार नक्सापास लगायतको विवरण पेश गर्न सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा निम्नानुसार समिति गठडन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री विष्णुकुमार श्रेष्ठ (हिमाल) | – वडा अध्यक्ष वडा नं. ५ |
| (२) सदस्य | श्री खेमबहादुर थापा | – सदस्य |
| (३) सदस्य | श्री यमप्रसाद पौडेल | – सर्भेक्षक |
| (४) सदस्य | श्री दानकुमार आले | – टोल अध्यक्ष |
| (५) सदस्य | श्री दिपक आले | – स्थानीय |
| (६) सदस्य | श्री बसन्ती आले | – स्थानीय |
| (७) सदस्य-सचिव | श्री यात्राबहादुर दरै | – वडा प्राविधिक |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास १० अँधेरीभञ्ज्याङ्गमा रहेको जनता आधारभूत विद्यालयको परिशरमा केही रुखहरु ढली सडी जाने अवस्थामा भएकाले सो रुख व्यवस्थापन गर्न उक्त विद्यालयलाई निर्देशन दिई सो को जानकारी डिभिजन वन कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा भूमि आयोग अन्तर्गत जग्गा नापी कार्यमा विगत लामो समयदेखि दैनिक ज्यालादारीमा कार्यरत अमिन व्यास ५ निवासी श्री दशरथ कुमाललाई मिति २०८१/४/१ गतेदेखि लागू हुने गरी २०८१ पौष मसान्तसम्म करार सेवामा नियुक्ति दिई मासिक रू.२५,०००। (पच्चीस हजार) पारिश्रमिक उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ मा कार्यरत कार्यालय सहयोगीले राजिनामा गरी रिक्त रहेको दरबन्दीमा प्रकृयागत रुपमा छनौट भई आएका श्री विष्णु आले मगरलाई मासिक रू.१८,०००। पारीश्रमिक पाउने गरी २०८१ पौष मसान्तसम्मका लागि करार नियुक्तिका लागि सिफारिस भई आएकाले कामकाज गरेको मितिदेखि लागू हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा मिति २०८१ भाद्र २९ गते राष्ट्रिय बाल दिवस भएकाले बालबालिका सहभागी विविध कार्यक्रम तय गरी मनाउन यस नगरपालिकाको शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा मिति २०८१ असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउन संघीय मन्त्रालयबाट परिपत्र भई आएकाले २५ वर्षभन्दा बढी अवधि स्थायी भई दीर्घ सेवा गरेका सबै तहका शिक्षक, उत्कृष्ट नतिजा ल्याउन सफल शिक्षक, उत्कृष्ट सेवा प्रदान गरेका शिक्षा क्षेत्रका महानुभावहरुलाई सम्मान गर्ने समेतका कार्यक्रम आयोजना गर्न व्यास नगर शिक्षा र आवश्यक खर्च व्यवस्थापन गर्न व्यास नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ११ निवासी ठाकुर बहादुर खड्काको निजी जग्गा फराकचौर ९/ङ कि.नं. ६०० को ४-१०-२-१ को जग्गामा भएको पिपलको रुखको केही हाङ्गा हावाहुरीले भाँचेको, बाँकी समेत धोंद्रो भई कुनै पनि समयमा ढली विपद् पर्न सक्ने भनी वडाबाट सिफारिस भई आएकाले उक्त रुख काटी व्यवस्थापन गर्न अनुमतीका लागि डिभिजन वन कार्यालय, तनहुँलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ र ११ जोड्ने शितल बजारबाट कैलाश गुफा जोड्ने DPR गरी सकी राष्ट्रिय योजना आयोगमा माग भई आएकोमा त्यसको करिब ३०० मिटर तल बाटो नभएको स्थानमा पुल बनाउने गरी बजेट विनियोजन भएको बुझिएकोले सो योजनालाई DPR भएकै स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्यमा तत्काल गर्नु पर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सिन्धुरेटारी अकला बगैंचा टोल प्लटिङ्ग मार्ग (फोहोर मैला केन्द्र) | १ | १०,००,०००। | ८३९ |
| २. | बाल दिवस कार्यक्रममा सहयोग | १ | ३०,०००। | ८० |
| ३. | नेवाःवेय दबु समन्वय समिति कार्यक्रम सहयोग | २ | ५०,०००। | ११३ |
| ४. | सिर्जना मिजार समाज भवन संरक्षण | ४ | २,००,०००। | विपद् |
| ५. | कन्टार टोल सडक बत्ती मर्मत | ५ | ७०,०००। | ८४९ |
| ६. | राजु वि.क.को घर संरक्षण मर्मत | ५ | २५,०००। | विपद |
| ७. | लक्ष्मी आधारभूत विद्यालय छाना मर्मत | ९ | २५,०००। | ८४६ |
| ८. | डिहीगाउँ भोटेखोल्सी खानेपानी इनार संरक्षण | १० | २,००,०००। | विपद |
| ९. | बैरेनी बोटे गाउँ कर्लुङ्ग पुल सिलान्यास व्यवस्थापन | १० | २०,०००। | ६९ |
| १०. | दरै पँधेरादेखि पराजुली चोकसम्म ग्राभेल | ११ | २,००,०००। | ८९३ |
| ११. | पाहादीं लिफ्टिङ्ग खानेपानी पानी तान्ने पम्प खरिद | १३ | ८५,०००। | ८४५ |
| १२. | बेलवास खानेपानी चोक बाढी प्रभावित नाला सफाई | १३ | ३५,०००। | विपद |
| १३. | कृष्णप्रसाद लौडारी घर मर्मत समेत | १३ | १०,०००। | विपद |
| १४. | गण्डकी बाङमय कार्यक्रम व्यवस्थापन सहयोग | | १०,०००। | ११३ |
| १५. | बन्दिपुर एफ.एम. सहयोग | | २५,०००। | ३७ |
| १६. | मानव बेचबिखन विरुद्धको कार्यक्रम | | ३७,०००। | ६९ |

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ को वडा कार्यालय निर्माण गर्न जिल्ला समनवय समिति तनहुँसँग जग्गा उपलब्ध गराई दिनु भनी यस अघि नै पत्राचार गरिएकोमा वडा कार्यालयको आफ्नै भवन नभई सेवा प्रवाहमा कठिनाई भैरहेको र ३ नं. वडा कार्यालयको केन्द्र परिवर्तन नभएकोले सोही अनुसार जिल्ला समन्वय समिति तनहुँ मार्फत संघीय सरकारसँग जग्गा उपलब्ध गराई दिन अनुमति माग गर्ने निर्णय गरियो ।

***